# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

११. आश्विन सुदि १० रोज ३ मा टिका सायेत गरि धनकुटा वलाङ चुङ तर्फ रवाना भयाको--

| | |
|---|---|
| श्री मद्राजकुमार कुमारात्मज श्री कर्णेल षड्कवहादुर कुवर राणाजी- | १ |
| काजि हेमदलसिं थापा- | १ |
| श्री सम्सेर दल पल्टन १ के जना- | ७६० |
| कपतान जडवर षडका- | १ |
| लेफटेन दलवीर वीष्ट- | १ |
| सुवेदार नैनसिं वस्न्यात्- | १ |
| मेजर नैनसिं गोर्षा- | १ |
| अजिटन् मेहेरसिं षत्- | १ |
| कान्या भक्तवीर कार्कि- | १ |
| लैन श्रीकृस्न पाध्या- | १ |
| अगाडी निसान कुवेर जोसि- | १ |
| पछाडी निसान घनश्याम पाध्या- | १ |
| ज्मादार जना- | १० |
| हवल्दार जना- | २० |
| अमल्दार जना- | २० |
| सिपाहि जना- | ४८१ |
| वानादार जना- | ८ |
| पिपा ज्मादार- | १ |
| पिपा हवल्दार- | १ |
| पिपा जना- | २५० |

नाराणदल् पल्टन १ सिंधुली रवाना भै गयो नाल- २०१

तरुनै वखतमा श्री प्राइममिनिष्टरवाट कप्तान. महारुद्र षतृलाई लेषिगयाको उप्रांत जंगि कामका निमित्त ज्मा गऱ्याका रसदहरू भुट्नु भन्या कुरा अघी भयाका हुन् भुट्नु पर्दैन आहा हामीवाट भुट्नु भन्या सनद नगै भुट्न्या काम नगर ११ साल कार्तिक सुदि १० रोज ३ शुभम् ।

श्री प्राइममिनिष्टरवाट ज्मादार अैमान्के. लेखि गयाको. उप्रांत ३५ हातको घर २ उनतिस हातको घर १ ज्मा घर ३ सिध्याई वोसि कर्मिलाई विदा गरि दियाँ वनाउनु पर्दछ भन्या फेरी पनि वनाउला. घरलाई कसो हो भन्या. संदेह नराख्या जाला. गहु केराउको. भाउ रुपिआ १ को पाथी छ पिध्याको रुपिआ १ को पाथि ८ छ येसै दरले हामीले षाआ. भुट्याको गहु केराउ पाथि ८ का दरले देउ भंया अलिक गाह्रो मानन्दछन्. कुन कुरो पिधनु. कुन कुरो भुट्नु. वाटो सगल्ती. विग्र्याको छ वनाउन लागी रह्या छु. त्रिशुल गंगाको साघु. विग्र्याको रहेछ. यो पनि वनाउला. षल्मा स्मेतका ४ जोर तालचा. पठाई वक्स्या. ढोकामा लाउला २ हजारको नुन्. किनु भन्या. लेखि आयाको हो. यो नुन् किनि. ताहा पठाउ कि आहा राषु-

नुन् केरुंमा. जाइ किनु कि आहा किनु भन्या विस्तार समेत लेषि पठाउन्या काम वढियः हो. ताहाका अर्थ. सवै तजवीज. गर्नानिमित्त. कपतान दलजित विष्टलाई पठायाको छ. तेसतर्फलाई चाहिन्या गर्नु पर्न्या. कुरा सवै. नीज कपतानलाई अह्राई पठायाको. छ उनले भन्या. वमोजिम सवै कुराको तजवीज मिलाई काम गर्न्या वढिया होला. ११ साल कार्तिक शुदि १० रोज ३ शुभम्–

श्री प्राइमिनिष्टरका हजुरमा. सुवा मानसरवरसिंले लेषि चह्राई पठायाको. उप्रांत. गोदाम घर चाडै. तयार गरि छाप लागी आया वमोजिम. दर भावमा खरिद गर्नु. आजसम्म जो भुटियो जो सिद्धियो. तस्को ज्मा वन्दि गरि लेषि पठाउन्या काम गर. अव उप्रांतलाई हाम्रा सनद वमोजिम भुटचाउन्या पिधाउन्या जस्तो लेषि आउला. सो वमोजिम गर्नु वल्याफिपार. घुगाव्यासिदेखि अम्चुर घाटसम्म. वाटो वनाउनु. भंन्या र सिपाघाटदेषि. वल्याफिसम्म वाटो वनाउनु भंन्या. दस्षत् २ गोदाम्मा. टास्न्या पुजि ३ पठाई दियाको छ. सो वमोजिम गर्नु. गारो लाउन्या डकर्मिलाई षोलाको सरह. दि किफायेत. हुन्छ कि कर्मिसरह दि किफायेत हुंछ. किफायेत हुन्या तजवीज सित दिनु. ढुंगा दिन्या. माटो मुछन्या. षेत लाझाराली. लाई. षाजा दिनु. गोदाम गोदाम पिछे २।२ जना राषन्या. काम वेस भयेछ पुगेन भन्या. पछि हेरुंला वाटाको ढुंगा काटन्या. ढुंग्या सिपाहि पठायाको छ. पुग्या हुन् कुटिवाट आयाका चिठीको जवाफ. लेषन्या मसौदा. तेसै चिठीमा राषी पठायाका मसौदा वमोजिम लेषि पठाउन्या काम गर्नु. कुतिमा ढाक्रचाहरूले. चावल लगी नुन् साट्दा रह्याछन् कि रुपिञा लगी नुन् ल्याउंदा रह्याछन्. वुझ विचार गरि चावल लगी नुन् ल्याउंदा रह्याछन्. भन्या कुति तरफ चावल लैजान नदिनु. चावल ताहि लीनु. रुपिञा लिनु नलिन जान्छन् भन्या ल्याउन दिनु हुलाकमा वस्न्या गुरुहरूका वदला वाहुनहरूलाई राषनु भन्या मर्जिसिर चह्राजा. गोदाममा ताकितिका अर्थलाई वोसि थोरै पछि हुनाले. र कर्मि हर्कत हुनाले. अस्ति आयाका भादगाउका कर्मि जना १७ मध्ये जना ७ लिस्ति गोदाममा. काम लायाको छ. जना १० गोम्था गोदाममा काम लायाको छ वर्साद केही भयेन भन्या. अवका १५।२० दिमा छाना हाली सकौंला भन्या झै लाग्छ. येक तलाको दलीन. भोली हाल्छु भन्याको हो हिजो र अस्ति वर्साद हुनाले राषन सकियेन भोली हाल्छु काम वरावर चलाई राष्याको छु. छाप लागी आया वमोजिम. षरिद गर्नु. भनि गोदाम गोदाममा. दिञा सोहि वमोजिम षरिद हुन्या छ. अरु गोदाममा हिजो देषि भुट्नु, पिन्हु भनि राष्याको छ जो मर्जिपत्र पुग्नी विक्तिकै. थामि दिन्या. पैन्यामा मात्र १००।१५०।२०० मुरिक्या भुटीयो. ज्मा गरि विति गरि पठाउला. अव उप्रांत हजुरको मर्जि नआउज्याल. भुट्नु पिधाउन्या काम गर्न्या छैन. वाटो वनाउन्या दस्षत दि. हिजो २ जना सिपाहिलाई उर्दि दिन पठाया. गारो लागाउन्या डकर्मिलाई. षोलाको सरह दि किफायेत हुन्या रहेनछ र वोसि सरह दि किफायेत हुनाले वोसि सरह दि काम लाग्यू. गोदाम पिछे २।२ जना भन्र्या तौलन्या मानिसलाई राष्याको छ. मर्जि नआउंदा. षानादानाको. सुनायाको छैन. ढुंग्यासिपाहि आई पुग्याको छैन. आइ पुग्न्या विक्तिकै. जगा देखाई काम लाउन्या छु कुतिमा ढाक्रचाहरूले चावल १ माना डेढ मानासम्म षस वाहुनहरूले सामल भनि भन्याका मात्र लैजान दियाको छ. विच अंन्न नामा केहि जान पायाको छैन. घुर्माको मानिस ४।५ जनाले वाटो हेरि त्यां थलिको वाटो हेरि जनहि ३।४ पाथिको भारि. गरि लग्याछन् भन्या समाचार आउंदा ति मानिसहरूलाई कायेल नामा लेषाई. मानिस स्मेत लाउनु भनि पठायाको छ. ५।६ रुपिया डाडौकि भनि सोधां पठायार हुन्दैन भनि पठायाको छ.वाहा पनि वुझन लायाको लग्याको थाहा हुनी विक्तिकै विति चह्राइ पठाउला. हुलाकको अड्डामा गुरु झिकि वाहुनहरूलाई राषन्या काम मर्जि वमोजिम गर्न्या छु. रसदका अर्थलाई. षरिद भै सक्याको ४।५ हजारको भयां हो. नुन् ५।६ हजारको षरिद भैसकियो लिस्तिमा १५ माना षरिद भयो. पैन्या. वाह्रविस्या. १४।। मानाका दरले षरिद गर्‍यौ अव कति चाहिन्या हो. मर्जि आया वमोजिम ताकिता गर्न्या छु. धेरै दिन्को वादा छैन २०।२५ दिनको वादा छ रसद वावत् १६।१७ हजार. भाइ जगनाथसिंका जिम्मा नरिवक्सनु. भया. आहावाट सिपाहि पठाइ वोकन्या भरिया पठाइ दिदा हुं ११ साल मिति कार्तिक सुदी १२ रोज ५ शुभम्–

कार्तिक सुदी १५ रोजका दिन कर्णेल डिल्लि-सिंह वस्न्यात् षजांचि सिद्धिमान सिं राजभंडारी रसद षरिद गर्ना निमित्त मध्येस जिल्ला तर्फ रवाना भया–

तस्तै वखतमा श्री प्राइममिनिष्टरको दस्षत् भै मेजर कपतान् दलजित विष्टलाई गयाको. आगे नुवाकोट् तर्फ थर्प् वनाउन जान्या पगरि हुदा सिपाहिके यथोचित् उप्रांत श्री ५ सर्कारका काजको. रसद निमित्त साहु धर्म नारान्ले नुवाकोट सेराका अडै लक्ष्मीनारान्. जित्मान मार्फत झिकायाका मसिना चावल धानको भारि वोकन्या कुमालहरूलाई तिमिहरूले टंटा गन्या छौ र भारि अडकन गयो तसअर्थ अघि पनी. तिनि कुमालहरू श्री ५ सर्कारका रोजीन्दा. मा दरियाका हुनाले. अरु टंटा लाग्याको छैन. तेस्मा अैले. निज साहु धर्मनारां मार्फत रसदका कामलाई लियाको छ. ति कुमालहरूलाई तिमीहरूले ताहा टंटा नगर. रसदका काममा लाउन देउ. ११ साल मार्ग वदि ३ रोज ३ शुभम् ।–

गोर्षा सर्कारवाट ल्हासाका टुंतारिन् अम्वालाई लेषि गयाको. श्री चिन वादसाहका मुलुकमा सिपाहि ज्मा गर्दा १०० लाष भंदा वढता हुन्. न सस्त्र अस्त्र भयाका भारादार १००० मा वढता छन्. भनि लेषनु भयाका अर्थ श्री इश्वरको जस्तो पराक्रम भयाको. श्री चिन वादसाहको वडो दर्वार हो. आफुहरूवाट लेषनु भयाको हामीलाई प्रतीत छ वादसाहका हकलाई अघी-देषि मुष पेटले. यकत्व भै. मानि आयाका छौ. अव उप्रांत पनी मान्यै छौ. सिवानाका राजासंग मिलिजुली रहनु भनि लेष्याका कुरालाई ज्यू मान्र्या थितिमा लेष्याका कुरा उल्टी मनपरि गन्र्यासित कस्ता रितसंग मिलिजुली. रहनु. भोटले हामिमाथी. अघ्र्याली गन्र्याका कुरा कार्तिक सुदी ८ रोज १ का दिन लेषि गयाका पत्रले. सवै विस्तार बुझियेला. श्री चिन वादसाहका हकमा हुकुम मानी धन ज्यू दिन तयार छौ. सिवानाका. भोट मुलुकले. अघ्र्यालि गऱ्याको. ता. सहन सकन्या छैन. आफुहरूवाट गोर्षा भोट दुवै. वरोवर देषनु पर्छ. यो चिठि भंदा अघी लेषिगयाको पत्रको उत्तरा लेषि आयापछि भोटसंग चित्त बुझ्याको सवै लेषि पठाउन्या काम गरौला १९११ साल मिति मार्ग वदि ५ रोज ५ शुभम्–

तस्तै वखतमा पुराना ताक लाखारवाट ताम्से ज्मादारलाई लेख्याको चिठिको तर्जुमा उप्रान्त अघि. तिमिले लेख्याको चिठि..मा जेष्ट मैन्हामा. थिति वन्दोवस्त . दोसाधमा गरौला ज्मादारलाई नुन् अलीक चाहियो. नुन् पठाई देउ रुपिया पठाउला भनि लेषनु भयाको. येस् पटक हामि ढेवाले नन् पाथि ६ मुरि हुलाकमा पठायाको छ. आई पुग्ला. रुपिया पनि पठाई देउ आफु ज्मादारवाट मेहेर मानगी. ताहा तरफका वेपारी सवै पठाइ देउ वाहाको वेपारी पनि पठाउला वेपारमा जानु पायेन. भन्या दुई तर्फका प्रजा सवै. वरावर हुन्छ. वन्दोवस्त पछी गरौला. राजाका दैदस्तुर अघीका रित वमोजीम लिनुदीनु गरुला. सरासर देउ भनी उर्दी दीनु होला. ११ साल मार्ग वदी ५ रोज ५ शुभम्--

श्री प्राइममिनिष्टरका हजुरमा किर्तिवहादुरले चह्लाई पठायाको. उप्रान्त. माहाकालीको. मुल कालापानी. भन्याको जगामा. हाम्रा श्री ५ सर्कारको र अंग्रेजको. भोटयाको सिवाना रहेछ. कालापानी देखी ४।५ कोसमा भोटयाको. कोट् भंन्या जग्गा छ निज कट्गाउमा १ हजार वर वस्ती छ. येस जग्गामा भोटयाको. १ ढेवा वस्याको छ कोटको अंवल १५।२० दिन हिड्न्या जग्गा छ येस अम्वलमा नुन्षानी स्वागषानी पनि छन् ५०।६० हजार उठति हुन्या अवादी जगा रहेछ. दुनिया पनि ढेरै दौलत भयाका छन्. भनि जाहाको कोट्. सम्म जान्या मानिस-हरूले भंछन्. सेवानाका भोटया पनि. हामितर्फ हुन्याछन्. सिपाहि-कोटको जगा लीनालाई ४।५ सय नालवन्दि. भयाको नालवन्दि पल्टन भया लीन सहज सकन्याछन्. यो वखतमा. हामीले देष्यासुन्याको कुरा जाहेर गर्न पर्छ भनि विति चह्लाई पठायाको हो ११ साल मार्ग वदि रोज ६ मुकाम वैतडिगढि शुभम्---

क्रमश